# निर्वाचन आयोगबाट नेपाल सरकारसमक्ष प्रेषित मस्यौदा ।

## निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** निर्वाचनसम्बन्धी केही नेपाल ऐनमा तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद कायम नरहेकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ बमोजिम राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ मा संशोधनः** मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को,

(१) दफा ५ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा अठार बर्ष उमेर पूरा भएको,"

(२) दफा २४ पछि देहायको दफा २४क. थप गरिएको छ :–

"२४क. **विवरण उपलव्ध गराउन सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले मतदाता नामावली प्रयोजनको लागि सङकलन गरेको मतदाताको नाम,थर, ठेगाना, फोटो र अन्य विवरण नेपाली नागरिकको राष्ट्रिय परिचयपत्र र आयोगले स्वीकृति दिएको अन्य प्रयोजनको लागि नेपाल सरकारलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको विवरण उपलव्ध गराउँदा सो विवरण प्रयोग गर्ने सम्बन्धमा नेपाल सरकारले पालना गर्नुपर्ने शर्त आयोगले निर्धारण गर्न सक्नेछ ।

(३) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :–

**" २९ .सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्तिको अस्थायी मतदाता नामावली तयार गर्ने :(१)** सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्तिको अस्थायी मतदाता नामावली तयार गर्ने वा अद्यावधिक गर्ने र सो सम्बन्धमा आवश्यक अन्य सवै काम नाम दर्ता अधिकारीले गर्नेछ ।

(२) सैनिक वा प्रहरी व्यारेक जुन गाँउ विकास समिति वा नगरपालिकाको वडामा रहेको छ सो व्यारेकमा रहेका व्यक्तिको नाम सोही गाँउ विकास समिति वा नगरपालिकाको बडाको छुट्टै अस्थायी मतदाता नामावली

कायम गरी समावेश गरिनेछ । त्यसरी तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाताको रुपमा नाम दर्ता भएको मानिनेछ ।

(३) सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्तिको नाम दर्ता गर्दा सम्बन्धित सैनिक वा प्रहरी व्यारेक व्यवस्थापन गर्ने अधिकारीले प्रमाणित गरेको नामावलीको आधारमा गरिनेछ । "

(४) दफा ३० पछि देहायको दफा ३०क थप गरिएको छ :-

"**३०क. बृद्धाश्रममा रहेका व्यक्तिको अस्थायी मतदाता नामावली तयार गर्ने:** (१) बृद्धाश्रममा रहेका व्यक्तिको अस्थायी मतदाता नामावली तयार गर्ने वा अद्यावधिक गर्ने र सो सम्बन्धमा आवश्यक अन्य सबै काम नाम दर्ता अधिकारीले गर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "बृद्धाश्रम" भन्नाले नेपाल सरकारले सञ्चालन गरेको वा नेपाल सरकारबाट मान्यता प्राप्त गरी सञ्चालन भएको बृद्धाश्रम सम्झनु पर्छ ।

(२) बृद्धाश्रम जुन गाँउ विकास समिति वा नगरपालिकाको वडामा रहेको छ सो बृद्धाश्रममा रहेका व्यक्तिको नाम सोही गाँउ विकास समिति वा नगरपालिकाको बडाको छुट्टै अस्थायी मतदाता नामावली कायम गरी समावेश गरिनेछ । त्यसरी तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको नाम अस्थायी मतदाताको रुपमा नाम दर्ता भएको मानिनेछ ।

(३) बृद्धाश्रममा रहेका व्यक्तिको नाम दर्ता गर्दा सम्बन्धित सम्वन्धित बृद्धाश्रम व्यवस्थापन गर्ने अधिकारीले प्रमाणित गरेको नामावलीको आधारमा गरिनेछ । "

(५) दफा ३४ को,

(१) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) र (छ) थप गरिएका छन् :

"(च) मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, ठेगाना, फोटो र अन्य विवरण अनधिकृतरुपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानिजानि दुरुपयोग गरेमा ।

(छ) दफा २४क.बमोजिम आयोगले उपलव्ध गराएको विवरण राष्ट्रिय परिचयपत्र र आयोगले स्वीकृति दिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा वा अनधिकृत रुपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानिजानि दुरुपयोग गरेमा । "

(२) उपदफा (२) मा रहेका "खण्ड (ख), (ग),(घ) र (ङ) बमोजिम" भन्ने शव्दहरुको सट्टा "खण्ड (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम " भन्ने शव्दहरु राखिएका छन् ।

(६) दफा ३८ पछि देहायको दफा ३८क. थप गरिएको छ :–

"३८क. **क्षतिपूर्ति दावी गर्न सक्ने :** (१) यस ऐन बमोजिम आयोगले सङ्कलन गरेको मतदाता सम्बन्धी विवरण वा आयोगले दफा २४क.बमोजिम उपलव्ध गराएको विवरण दुरुपयोग भएको वा अनधिकृत रुपमा प्रकाशन भएको वा वितरण भएको कारणबाट कुनै व्यक्तिलाई शारीरिक वा मानसिक हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी पुगेको व्यक्तिले त्यसरी हानी नोक्सानी गर्ने व्यक्तिबाट क्षतिपूर्ति दावी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको दावी त्यसरी हानी नोक्सानी पुगेको छ महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दावी ठहरेमा जिल्ला अदालतले त्यस्तो व्यक्तिलाई मनासिब क्षति पूर्ति भराइदिनु पर्नेछ ।

(४) यस दफा बमोजिमको क्षतिपूर्ति सम्बन्धी अन्य कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।"

३. **निर्वाचन आयोग ऐन, २०६३ मा संशोधनः** निर्वाचन आयोग ऐन, २०६३ को,–

(१) दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छ :–

"(घ१) "निर्वाचन अवधि" भन्नाले भन्नाले निर्वाचनको घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनुपर्छ ।"

(२) दफा ४ पछि देहायको दफा ४क.थप गरिएको छ :–

"४क. **सुरक्षा प्रबन्ध गर्न आदेश दिनसक्ने** : (१) निर्वाचनको सुरक्षाको प्रबन्ध गर्न आयोगले सुरक्षा निकायलाई आदेश दिन सक्नेछ ।

**स्पष्टीकरणः** उपदफा (१) को प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्नु त्यस्तो निकायको कर्तव्य हुनेछ ।

(३) स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने प्रयोजनको लागि आयोगले आवश्यक देखेमा कुनै सुरक्षाकर्मीलाई कुनै काम गर्न वा नगर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आदेश पालना नगर्ने सुरक्षाकर्मीलाई प्रचलित कानूनमा जुनसुकै कुरा उल्लेख भए तापनि आयोगले निर्वाचनको अवधिभर निलम्बन गरी निजको सेवाको शर्तसम्बन्धी कानूनको अख्तियारबालाको अधिकार प्रयोग गरी विभागीय कारबाहीसमेत गर्न सक्नेछ । "

(३) दफा १० को सट्टा देहायको दफा १०क. राखिएको छ :–

" **१०क. अन्यत्र खटाउन आदेश दिनसक्नेः** (१) कुनै निर्वाचन क्षेत्रमा कार्यरत कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्व विद्यालयका शिक्षक वा सामुदायिक विद्यालयका शिक्षकले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई सो क्षेत्रबाट निर्वाचन अवधिभरको लागि अन्यत्र खटाउन सम्बन्धित अधिकारीलाई आदेश दिन सक्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि “कर्मचारी” भन्नाले नेपाल सरकारको कर्मचारी, स्थानीय निकायको कर्मचारी र नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका कर्मचारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएपछि प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अधिकारीले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचन अवधिभरको लागि अन्यत्र खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नखटाउने अधिकारीलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले त्यस्तो अधिकारी विभागीय कारवाही गर्न सकिने पदमा रहेको भए निजको सेवा शर्तसम्बन्धी कानूनको अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्न र अन्य अधिकारी भए पांचहजार रुपैंया जरिबाना गर्न सक्नेछ ।

(४) दफा १७ को उपदफा (२) मा रहेको “प्रतिवेदनबाट” भन्ने शव्द पछि “वा उपदफा (१) बमोजिम प्राप्त जानकारीको आधारमा” भन्ने शव्दहरु थप गरिएका छन् ।

(५) दफा १९ को,–

(१) उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

“तर सम्वत् २०६४ सालमा निर्वाचित तत्कालीन संविधानसभामा प्रतिनिधित्व रहेका दलको हकमा यो प्रावधान लागू हुने छैन।”

(२) उपदफा (४) झिकिएको छ ।

(६) दफा ४० पछि देहायको दफा ४०क.थप गरिएको छ :–

**४०क. निलम्बन गर्नसक्ने** : (१) आयोगले निर्वाचन प्रयोजनको लागि नियुक्त गरेको, तोकेको, खटाएको वा लगाएको कुनै कर्मचारी, सुरक्षाकर्मी वा सामुदायिक विद्यालयका शिक्षकले निर्वाचन अवधिमा कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको स्वतन्त्रता, निष्पक्षता वा स्वच्छतामा आँच आउने कुनै काम गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले त्यस्तो कर्मचारी , सुरक्षाकर्मी वा शिक्षकलाई सो अवधिभर निलम्वन गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि “कर्मचारी” भन्नाले नेपाल सरकारको कर्मचारी, स्थानीय निकायको कर्मचारी र नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका कर्मचारी सम्झनु पर्छ ।

(२) आयोगले उपदफा (१) बमोजिम कुनै कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गरेकोमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम निलम्बन भएको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारी, सुरक्षाकर्मी वा सामुदायिक विद्यालयको शिक्षक निलम्बन भएमा आयोगले सोको जानकारी सम्बन्धित निकाय वा कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि सम्बन्धित निकाय वा कार्यालयले सोको अभिलेख त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकको व्यक्तिगत फाइलमा राखी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(७) दफा ४३ मा रहेका "गृह मन्त्रालय" भन्ने शब्दहरुको सट्टा " प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय " भन्ने शब्दहरु राखिएका छन ।